# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ३१ मिति २०८०/०७/२४

### भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

सामुदायिक विद्यालय दरबन्दी ( शिक्षक तथा कर्मचारी ) व्यवस्थापन मापदण्ड, २०८०

## रासीसोनारी गाँउपालिका
## सामुदायिक विद्यालय दरबन्दी ( शिक्षक तथा कर्मचारी ) व्यवस्थापन मापदण्ड, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०७/२२

प्रमाणीकरण मितिः २०८०/०७/२४

प्रस्तावनाः

रासीसोनारी गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर वृद्धि गर्न, विषयगत तथा विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ज) ११ तथा गाउँ शिक्षा ऐन, २०७७ (दोश्रो संशोधन) को परिच्छेद १० को दफा ६१ को उपदफा (२) अधिकार प्रयोग गरी रासीसोनारी गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो "सामुदायिक विद्यालय दरबन्दी (शिक्षक तथा कर्मचारी) व्यवस्थापन मापदण्ड, २०८०" जारी गरिएको छ ।

### परिच्छेदः एक
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस मापदण्डको नामः सामुदायिक विद्यालय दरबन्दी (शिक्षक तथा कर्मचारी) व्यवस्थापन मापदण्ड, २०८० रहेको छ।

(ख) यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(ग) यो मापदण्ड सामुदायिक विद्यालय तथा शैक्षिक संस्थाहरुमा लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "गाउँपालिका" भन्नाले रासीसोनारी गाउँपालिकालाई जनाउँछ ।

(ख) "मापदण्ड" "सामुदायिक विद्यालय दरबन्दी (शिक्षक तथा कर्मचारी) व्यवस्थापन मापदण्ड, २०८०" सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले रासीसोनारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले रासीसोनारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रासीसोनारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) " स्थानीय तह" भन्नाले रासीसोनारी गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "प्रशिक्षक" भन्नाले रासीसोनारी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।

(झ) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखामा शाखा प्रमुखको काम गर्न तोकिएको कर्मचारी सम्झनुपर्नेछ ।

(ञ) "दरबन्दी" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान प्राप्त स्थायी/ अस्थायी करार दरबन्दी सम्झनुपर्नेछ ।

(ट) "राहत" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान कोटा दरबन्दी सम्झनुपर्नेछ ।

(ठ) " गाउँपालिका अनुदान शिक्षक" गाउँपालिकाले विद्यालयहरुमा उपलब्ध गराएको अनुदानमा नियुक्त शिक्षकलाई सम्झनुपर्नेछ ।

(ड) "अन्य कर्मचारी" गाउँपालिकाले उपलब्ध गराएको अनुदानमा शिक्षण बाहेक अन्य काम गर्न नियुक्त प्रशासनिक तथा व्यवस्थापकीय कर्मचारीलाई सम्झनुपर्छ ।

(ण) "संघीय शिक्षण अनुदान" शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गणित, विज्ञान तथा अंग्रेजी लगाएत मुख्य विषयमा अनुदान प्राप्त हुने गरि नियुक्त भएको शिक्षकलाई सम्झनुपर्छ ।

## परिच्छेद दुईः दरबन्दी मिलानका आधारहरू

३. शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्थाः गाउँपालिकाले दरबन्दी मिलानका लागि तपसिल बमोजिमका आधारहरु अवलम्बन गर्नेपर्नेछः

३.१ शै.स. २०७८, २०७९ र २०८० को अन्तिम परीक्षामा सहभागी भएका विद्यार्थी संख्याका आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी सङ्ख्यालाई प्रयोग गर्ने ।

३.२ विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी, अस्थायी, राहत, संघीय शिक्षण अनुदान तथा गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरूको सङ्ख्यात्मक विवरण तयार गर्ने ।

३.३ कक्षा १-३ संचालित विद्यालयमा कम्तिमा ५० जना विद्यार्थी सङ्ख्या भएमा २ जना शिक्षक र सो भन्दा बढी भएमा १ जना शिक्षक थप व्यवस्था गर्ने,

३.४ कक्षा १-५ संचालित विद्यालयमा कम्तिमा ७० जना विद्यार्थी सङ्ख्या भएमा ४ जना शिक्षक सो भन्दा बढी भएमा १ जना शिक्षक थप व्यवस्था गर्ने,

३.५ कक्षा १-८ सञ्चालन भएको विद्यालयमा विद्यार्थी संख्या २६० जनासम्म भएमा न्यूनतम् ८ जना शिक्षक र २६० जनाभन्दा बढि विद्यार्थी भएमा सेक्सन अनुसार प्रति सेक्सन एक शिक्षक थप हुने । एकजना प्रशासनिक कर्मचारी थप गर्न सकिने ।

३.६ कक्षा १-१० सञ्चालन भएको विद्यालयमा विद्यार्थी संख्याको आधारमा न्यूनतम १३ जना शिक्षक यदि कुनै कक्षामा ६० जना भन्दा बढि विद्यार्थी भइ सेक्सन कक्षा सञ्चालन गर्नुपर्ने भएमा प्रति सेक्सन एकजना शिक्षकका दरले शिक्षक थप हुने ।

३.६ कक्षा १-१२ सञ्चालन भएको विद्यालयमा न्यूनतम १५ जना शिक्षक तर कुनै विद्यालयको कक्षा ६ देखि १० सम्मका कक्षाहरुमा ६० जना भन्दा बढि विद्यार्थी भइ सेक्सन कक्षा सञ्चालन गर्नुपर्ने भएमा प्रति सेक्सन एकजना शिक्षकका दरले शिक्षक थप हुने ।

३.७ प्रत्येक विद्यालयमा एक बालविकास केन्द्रको सुनिश्चितता गरि कम्तिमा एकजना बालविकास सहयोगी कार्यकर्ता हुने साथै बालविकास केन्द्रमा ३० जना भन्दा बढि बालबालिका भएमा एकजना बालविकास सहयोगी कार्यकर्ता थप गर्ने ।

३.८ हाललाई विद्यालयमा शिक्षक व्यवस्थापन गर्दा तहगत तथा विषयगत शिक्षक अपुग भएमा संख्यागत रुपमा शिक्षक व्यवस्थापन गर्ने ।

३.९ माथि उल्लेखित प्राविधिक धार सञ्चालन भएको विद्यालयमा साधारण विषयको शिक्षण गर्न आवश्यकताको आधार दरबन्दी व्यवस्थापन गर्ने ।

३.१० एउटै शिक्षकले एकै पटक एउटाभन्दा बढी कक्षा पढाउनु पर्ने अवस्थामा गाउँ शिक्षा समितिले तोके बमोजिम सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया हुनुपर्ने विद्यार्थी सङ्ख्याको ५० प्रतिशतभन्दा बढी विद्यार्थी भएमा बहुकक्षा शिक्षण गर्ने ।

३.११ भौगोलिक विकटताको कारणबाट कठिन ठाउँमा रहेको र एकीकरण गर्न नसकिने अवस्थाका विद्यालयहरूमा आवश्यकता अनुसार बहुकक्षा शिक्षण गराउने व्यवस्था मिलाई विद्यालय कायम गर्ने ।

३.१२ शिक्षक थपघट गर्नु पर्दा विद्यार्थी संख्या तथा विषयगत मिलानहुने गरी मिलानगर्दै जाने ।

## परिच्छेदः तीन

## विद्यालयमा रहने शिक्षक कर्मचारी दरबन्दी संख्या दरबन्दी (तेरिज सम्बन्धी व्यवस्था)

४. १ विद्यालयगत एवम् तहगत रूपमा शिक्षक दरबन्दी तेरिज सम्बन्धी ब्यवस्था गर्दा लिइने आधारहरू

४.२ कक्षा १-३ सञ्चालन भएको विद्यालयमा बढीमा ३ जना शिक्षक दरबन्दी तथा एकजना बालविकास सहयोगी कार्यकर्ता र १ जना विद्यालय सहयोगी हुने ।

४.३ कक्षा १-५ सञ्चालन भएको विद्यालयमा बढीमा ५ जना शिक्षक दरबन्दी तथा एकजना बालविकास सहयोगी कार्यकर्ता र १ जना विद्यालय सहयोगी हुने ।

४.४ कक्षा ६—८ सञ्चालन भएका सामुदायिक विद्यालयमा न्यूनतम ४ ओटा उपलब्ध भएसम्म प्रशासनिक कर्माचारी १ जना। शिक्षक नियुक्ति गर्दा प्राथमिकताको आधारमा (अंग्रेजी—१, गणित+विज्ञान — १, नेपाली—१, सामाजिक—१ गरी ४) ओटासम्म आधारभूत तहकक्षा ६—८)को शिक्षक दरवन्दी कायम गर्दै जाने ।

४.५ माध्यमिक तह कक्षा (९—१०) सञ्चालन भएका विद्यालयमा कम्तिमा ५ शिक्षक दरवन्दी ( अंग्रेजी —१, विज्ञान – १, गणित—१, नेपाली—१, सामाजिक—१ गरी ५) कक्षागत वर्ग खोल्न परेमा सोहिअनुसार थप्दै जाने । प्रशासनिक लेखा कर्मचारी १ जना ।

४.६ माध्यमिक तह (कक्षा ११—१२) सञ्चालन भएका सामुदायिक विद्यालयको २ जना शिक्षक । शिक्षक व्यवस्थापन गर्दा माध्यमिक तह ९-१० शिक्षक दरबन्दी तथा ११- १२ मा पढाई हुने विषयको आधारमा नदोहरिने गरि व्यस्थापन गर्ने ।

## परिच्छेदः चार

## शिक्षक व्यवस्थापन, मिलान तथा पदस्थापनका प्रक्रियाका आधारहरू

५.१ विद्यार्थी संख्या, सञ्चालित कक्षा तथा तह र विषयगत आवश्यकताका आधारमा विद्यालयलाई आवश्यक पर्ने शिक्षक व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ ।

५.२ विद्यालयमा हाल उपलब्ध शिक्षक तथा कर्मचारी दरबन्दी विद्यार्थी संख्या, सञ्चालित कक्षा तथा तह र विषयगत आवश्यकताका आधारमा तोकिएको संख्याभन्दा बढी भएका दरबन्दी गाउँपालिकाको पुल दरबन्दीमा रहनेछ ।

५.३ विद्यालयमा शिक्षक तथा कर्मचारीको दरबन्दी तल्लो तहमा बढि तथा माथिल्लो तहमा कम भएमा गाउँपालिकाले तल्लो तहको दरबन्दी काटेर माथिल्लो तहको दरबन्दी थप गर्ने । उल्लेखित प्रावधान कार्यान्वयन गर्न देहाय बमोजिम गर्नेः

क. गाउँपालिकाको अनुदानमा कार्यरत शिक्षक तल्लो तहमा कार्यरत भई माथिल्लो तहको शैक्षिक योग्यता भएमा सम्बन्धित विद्यालयको माथिल्लो तहको दरबन्दी विषयगत आवश्यकता आधारमा गाउँपालिकाको अनुमतिमा प्रचलित

कानुन अनुसार कार्यरत शिक्षकलाई प्राथमिकता हुने गरि एक पटकलाई आन्तरिक विज्ञापन गरि शिक्षकको तह वृद्धि गर्ने ।

ख. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी संघीय तहबाट अनुदान प्राप्त हुने (स्वीकृत दरबन्दी राहत तथा शिक्षण अनुदान) दरबन्दी विद्यार्थी संख्या तथा कक्षा र विषयगत आवश्यकता भन्दा बढि भएमा गाउँपालिकाले ती दरबन्दीलाई अन्य विद्यालयमा थप्न सक्नेछ ।

ग. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी संघीय तहबाट अनुदान प्राप्त हुने (स्वीकृत दरबन्दी राहत तथा शिक्षण अनुदान ) दरबन्दी विद्यार्थी संख्या तथा कक्षा र विषयगत आवश्यकताको आधारमा तल्लो तहमा बढि तथा माथिल्लो तहमा कम भएमा विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा तल्लो तहमा भएको बढि दरबन्दीलाई कट्टी गरेर गाउँपालिका अनुदान उपलब्ध गराउनु पर्नेछ ।

बुदा नं. क को प्रावधान कार्यान्वयन भए प्रश्चात गाउँपालिकाको अनुदानमा कार्यरत शिक्षक तल्लो तहमा कार्यरत भई माथिल्लो तहको शैक्षिक योग्यता भएमा माथिल्लो तहको दरबन्दी विषयगत आवश्यकता आधारमा संख्या निर्धारण गरि गाउँपालिकाले प्रचलित कानुन अनुसार कार्यरत शिक्षकलाई प्राथमिकता हुने गरि एक पटकलाई आन्तरिक विज्ञापन गरि शिक्षकको तह वृद्धि गर्ने ।

घ. बुदा क), ख) र ग), अनुसार शिक्षक व्यवस्थापन गर्दा विद्यालयमा भएका शिक्षक तथा कर्मचारीको दरबन्दी विद्यार्थी संख्या तथा विषयगत आवश्यकता आधारमा बढी भएका विद्यालयबाट कम भएका विद्यालयमा गाउँ कार्यपालिकाको निर्णयको आधारमा थप गर्न सकिने छ । यसरी शिक्षक व्यवस्थापन गर्दा सार्वनजनिक सुचना मार्फत अनुसुची १ बमोजिमको फारम शिक्षकलाई भर्नु भराउनु पर्नेछ ।

ङ) शिक्षक दरबन्दी कटौती गर्दा गाउँपालिका अनुदान कोटा शिक्षक, संघीय अनुदान कोटा शिक्षक, राहत, अस्थायी र स्थायी शिक्षकलाई क्रमश पहिलो, दोस्रो, तेस्रो तथा चौथो प्राथमिकतामा राखि नियुक्ति मितिलाई कनिष्टतम शिक्षक मानी पुल दरबन्दी कायम गरी मिलान गर्ने ।

च) अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरूले चाहेको विद्यालयमा कोटा थप हुने भएमा खटाउने व्यवस्था गर्ने । ।

(छ) महिला शिक्षकको हकमा काज सरुवा गर्दा अपाङ्गता भएका शिक्षक पछि दोस्रो प्राथमिकता दिई काज सरुवा गरिने छ ।

(ज) अनुसुची १ बमोजिमको ढाँचामा प्राप्त निवेदनहरु मध्ये सर्वप्रथम पायक पर्ने विद्यालय तथा सम्बन्धित वडा र सीमावर्ती वडाका विद्यालयमा दरवन्दी उपलब्धताको आधारमा शिक्षकहरूलाई जेष्ठताका आधारमा पदस्थापन गर्दै जाने ।

(झ) दरबन्दी मिलान गरी कम वा बढी हुने विद्यालयगत र विषयगत दरवन्दी विवरण एकीन तथा तयारीका साथै गाउँपालिकास्तरीय समष्टिगत विवरण तयार गर्ने र प्रत्येक शैक्षिक सत्र शुरुमा अद्यावधिक गर्दै जाने ।

(ट) कक्षा समायोजन भएका, तह समायोजन भएका तथा विद्यालय समायोजन भएका विद्यालयहरुमा आगामी शैक्षिक सत्रमा विद्यार्थी संख्या बढ्दै गएमा पुनःकक्षा थप गर्न सकिनेछ ।

(ठ) विद्यालयका कटौती भएका दरवन्दीमा कार्यरत शिक्षकहरुले सरुवाको लागि माग गरिएको सूचना बमोजिम निवेदन पेश नगरेका शिक्षकहरुलाई गाउँकार्यपालिकाले आवश्यक स्थानमा खटाउन सक्नेछ ।

(ड) यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा आवश्यकताको आधारमा जुनसुकै प्रकृतिको शिक्षकलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा आन्तरिक सरुवा गर्नसक्नेछ ।

(ढ) हाल सञ्चालन भएका आधारभूत तथा माध्यमिक विद्यालयहरुमा प्रधानाध्यापकहरु व्यवस्थापन गर्ने उद्देश्यले गाउँकार्यपालिकाले स्थायी शिक्षकलाई प्रधानाध्यापकको रुपमा काज पठाउन सक्नेछ ।

(ड) तोकिएको दरबन्दी भन्दा कक्षागत, विद्यार्थी संख्या तथा विषयका आधारमा विद्यालयमा शिक्षक तथा कर्माचारी बढि भएमा विद्यालयमा समायोजन गर्न सकिने अवस्था भएमा मापदण्ड लागू भएको दुई महिनाभित्र समायोजन गरिसक्नु पर्नेछ ।

## परिच्छेदः पाँच
## विविध, संशोधन एवम हेरफेर

क) यस मापदण्डमा संशोधन एवम हेरफेर गर्न आवश्यक ठानेमा राप्तीसोनारी गाउँपालिका गाउँकार्यपालिकाले आवश्यक संशोधन एवम हेरफेर गर्न सक्नेछ ।

ख) यस मापदण्डमा उल्लेख नभएको कुराहरुको हकमा आवश्यक परेको खण्डमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ ।

## अनुसूची १
शिक्षक दरबन्दी मिलानका लागि दिने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
राप्तीसोनारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
अगैया, बाँके ।

यस गाउँपालिकाबाट मिति.................. गते प्रकाशित सूचना अनुसार गाउँपालिकाभित्रका शिक्षकहरुको दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको विद्यालयमा रही कामकाज गर्ने इच्छा रहेको हुँदा प्रचलित ऐन/ नियम/मापदण्ड तथा उपलव्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्नेगरी खटाउनुहुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

नाम थरः

<u>स्थायी ठेगानाः</u> <u>अस्थायी ठेगानाः</u>

वडा नं. वडा नं.

स्थानीय तहः स्थानीय तहः

जिल्लाः जिल्लाः

सिटरोल नं. सुरु नियुक्ति मितिः

तह/ श्रेणीः हालको पदमा नियूक्ति मितिः

मोबाइल नं.

हाल कार्यरत विद्यालयको नाम र ठेगानाः

हाल कार्यरत विद्यालयमा सरुवा/पदस्थापना मितिः

दरबन्दी मिलानमा जान चाहेको विद्यालयको नाम प्राथमिकताको आधारमा

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

पुनश्च एक पानामा विद्यालय नअटेमा अर्कोपानामा भर्नुपर्नेछ।

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत